नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
जितपुर, कपिलवस्तु

प.स.- २०८०/०८१

**परियोजना कार्यान्वयन एकाइ कपिलवस्तुमा (धान सुपरजोन, तरकारी जोन र माछा जोन) आवद्धताका लागि सुचिकृत गर्ने सम्वन्धि सूचना**

**सुचना नं. २**

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८०/०६/०४**

प्रस्तुत विषयमा यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु अन्तरर्गत चालू आ.व. २०८०/०८१ मा जोन/सुपरजोन विकास कार्यक्रमहरु सचालन तथा कार्यान्वयनको लागि परियोजना कार्यान्वयन म्यानुअल-२०७७ मा ब्यवस्था भए बमोजिम धान सुपरजोन, तरकारी जोन र माछा जोनको कार्यक्षेत्र भित्र क्रियाशील रहेका सूचिकृत हुन ईच्छुक, कानून बमोजिम दर्ता/नविकरण भएका कृषक समूह, सहकारी संस्था, कृषि फर्म, जल तथा बन उपभोक्ता समिति आदिले परियोजना कार्यान्वयन एकाइले तय गरेको निर्धारित आवेदन ढाँचामा आवश्यक कागजातहरु सहित यो सुचना प्रकाशन भएको मितिले ३० (तीस) दिन अर्थात मिति २०८०/०७/०३ गते भित्र परियोजना कार्यान्वयन एकाइ, कपिलबस्तुको कार्यालय, जीतपुरमा सुचिकृतका लागि आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.स. | जोन/सुपरजोन | कार्यक्षेत्र | | कैफियत |
|---|---|---|---|---|
| | | स्थानिय तहको नाम | वडाहरु | |
| १ | धान सुपरजोन | बाणगगा नगरपालिका | सबै वडाहरु | |
| | | मायादेवी गाउपालिका | सबै वडाहरु | |
| | | शुद्धोधन गाउपालिका | सबै वडाहरु | |
| | | कपिलबस्तु नगरपालिका | ७,८,९,१० र ११ न. वडाहरु मात्र | |
| | | बुद्धभुमी नगरपालिका | १,२,३ र ४ न. वडाहरु मात्र | |
| २ | तरकारी जोन | कपिलबस्तु नगरपालिका | ३,४,५,६,७,८,९,१०,११ र १२ वडाहरु मात्र | |
| | | मायादेवी गाउपालिका | ५,६ र ७ न. वडाहरु मात्र | |
| | | बुद्धभुमी नगरपालिका | १० न. वडा मात्र | |
| ३ | माछा जोन | बुद्धभुमी नगरपालिका | सबै वडाहरु | |
| | | बाणगगा नगरपालिका | सबै वडाहरु | |
| | | शिवराज नगरपालिका | १,२,३,४ र ६ न. वडाहरु मात्र | |
| | | महाराजगज नगरपालिका | ११ न. वडा मात्र | |

**आवेदनका साथ संग्लग्न गर्नुपर्ने कागजातहरु**

१. रु १० को टिकट टाँस गरेको परियोजनाले निर्धारित गरेको ढाँचा अनुसारको आवेदन फारम ।(आवेदन फर्मेट परियोजनाको वेबसाईट www.kapilvastu.pmamp.gov.np बाट download गर्न सकिनेछ) ।
२. कृषक समूह/सहकारी/कम्पनी/फर्मको आवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३. कृषक समूह/सहकारी/कम्पनी/कृषि उद्यमी दर्ताको नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।
४. कृषक समूह/सहकारी/कम्पनी/कृषि उद्यमीको परियोजनामा आवद्धता सम्वन्धि निर्णयको प्रतिलिपी (निर्णयमा कृषकको नाम र बालीको क्षेत्रफल निर्क्योल गर्नुपर्ने) ।
५. सम्वन्धित गाँउपालिका/ नगरपालिका को वडा कार्यालयको परियोजनामा आवद्धताका लागि सुचिकृत गरिदिने सिफारिश पत्र।
६. कृषक समूह/सहकारी/फर्म आदीको नाममा रहेको पान नं. प्रमाण पत्रको प्रतिलिपी ।
७. आ.व. २०७९/०८० को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
८. जग्गा धनि लालपूर्जाको प्रतिलिपि, जग्गा लिजमा लिएको भए कानून बमोजिम करारमा लिएको कम्तिमा ५ वर्षको करारनामाको प्रतिलिपी।
९. सम्पुर्ण कागजातहरु फाईलिङ्ग गरि पेश गर्नुपर्नेछ ।
१०. परियोजनाले माँग गरेको अन्य आवश्यक कागजातहरु ।

**पुनश्चः रीतपुर्वक आवेदन र आवश्यक कागजातहरु पेश हुन नआएमा जोन/सुपरजोनमा आवद्धताको लागि परियोजना कार्यान्वयन एकाइ सुचिकृत गर्न बाध्य हुने छैन ।**

विस्तृत जानकारीका लागि :- परियोजना कार्यान्वयन एकाइ, जितपुर कपिलवस्तुमा सम्पर्क गर्नुहोला । सम्पर्क नं . ०७६-५५०३४७

**"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, बिशिष्टिकरण र औद्योगिकीकरण"**